प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ११९ ॥ २०८१ जेठ २७ गते आईतबार (9th Jun 2024 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

कॉँकरभिट्टा खानेपानीमा कसले बाजी मार्ला ?

काँकरभिट्टा(प्रस) । काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको नयाँ नेतृत्वको लागि शनिवार मतदान भएको छ । निर्वाचनमा तीनवटा प्यानलले उम्मेद्वारी दिएका छन् । काँकरभिट्टा खानेपानी उपभोक्ता स्वतन्त्र उम्मेद्वार समूह, प्रगतिशील लोकतान्त्रिक साझा प्यानल र प्रगतिशील समाजवादी प्यानलका उम्मेद्वारहरु चुनावी प्रतिस्पर्धामा छन् । अध्यक्षमा तीन जना भिड्दैछन् । अध्यक्षका प्रत्यासीमा रोहितकुमार बुढाथोकी, सन्तोष आचार्य र सुदर्शन खड्का रहेका छन् । यसैगरी उपाध्यक्षमा कृष्ण सुवेदी, गोबिन्द गिरी र राजकुमार दाहाल उम्मेद्वार छन् भने सचिवमा दिलिपजंग सुब्बा, नरेन्द्र सिवाकोटी र विशाल तामाङ तथा कोषाध्यक्षमा बिमला तामाङ, बिमला देवकोटा र सुधादेवी खड्का उम्मेदवार बनेका छन् । अन्य अधिकांश सदस्य पदमा तीन जनाको उम्मेद्वारी रहेको छ । लेखा समिति महिला सदस्य पदमा भने दुई जनाको मात्रै उम्मेद्वारी दर्ता भएको छ ।

काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको चुनावमा ५ हजार २० मत खसेको छ । काँकरभिट्टा माविको परिसरमा भएको खानेपानीको चुनावमा ७४ प्रतिशत मत खसेको निर्वाचन समिति सदस्य केशव पोखरेलले जानकारी दिए ।

उनले ६ हजार ७७४ मतदातामध्ये ५ हजार २० जनाले मतदान गरेको बताए । बिहान ८ बजेदेखि सुरू मतदान ५ बजे सकिएको थियो । मतगणना आइतवार विहान ८ वजेदेखि खानेपानी कार्यालयको सभाहलमा हुने निर्वाचन समिति संयोजक राजु कार्कीले बताए ।

देउनियामा व्यवस्थित घाट निर्माण हुँदै

भद्रपुर(प्रस)। वर्षादको समयमा दाहसंस्कार गर्न निकै कठिनाइको सामना गरिरहेका हल्दिवारी ३, ४ र ५ का बासिन्दाले आगामी दिनमा राहत पाउने भएका छन् । हल्दिवारी ३ स्थित रङ्गेडाँडा देउनिया खोलामा निर्माणाधीन आर्यघाटको निर्माण सम्पन्न भएपछि स्थानीयले दाहसंस्कार कर्म गर्दा केही राहत पाउने भएका हुन् ।

पर्यटन ,वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश सरकारमार्फत २४ लाख रुपैयाँ चालु आर्थिक वर्षमा निकासा भएपछि तीव्र गतिमा निर्माण भइरहेको आर्यघाटका लागि प्रदेश सभा सदस्य छविलाल चुडालको पहल रहेको उपभोक्ता समितिका पदाधिकारी बताउँछन् ।

प्रदेश सभा सदस्य चुडालले सामाजिक उत्तरदायित्वअन्तर्गत २४ लाख रुपैयाँ निकासा गराएका छन् भने देउनिया खोला मलामी घाट निर्माण समितिमार्फत उपभोक्ताको २ लाख ७४ हजार २४४ रुपैयाँ गरी २६ लाख ७५ हजार २४४ रूपैयाँमा घाट निर्माणको काम धमाधम भइरहेको समितिका सचिव अर्जुनप्रसाद गिरीले जानकारी दिए ।

सचिव गिरीका अनुसार घाट निर्माण भएपछि हल्दिवारी गाउँपालिका ३,४ र ५ साविक जलथल गाविसका बासिन्दालाई दाहसंस्कारमा सहज हुने छ । केही वर्ष अगाडि हल्दीवारी -२ देउनिया खोलामा बनाइएको आर्यघाट अलपत्र अवस्थामा रहेको छ । घाट निर्माण पूरा नभइ अधुरो रहेको कारण प्रयोगमा आउन नसकेको स्थानीय बताउँछन् ।

हल्दिवारीमा व्यवस्थित आर्यघाट नहुँदा बर्खाको समयमा समस्या परिरहेको अवस्थामा स्थानीय बासिन्दासमेत रहेका प्रदेश सभा सदस्य चुडालको पहलमा बनिरहेको घाट असार २० सम्ममा तयार गरिसकेर हस्तान्तरण गर्ने गरि काम गरिरहेको उपभोक्ता समिति सचिव गिरीले बताए ।

बिर्तामोडमा नाट्य कलासम्बन्धी कार्यशाला

बिर्तामोड(प्रस) । क्षितिज नाट्य प्रतिष्ठान बिर्तामोड १ झापाले सात दिने नाट्य कलासम्बन्धी कार्यशाला संचालन गरेको छ । कलाकारहरुको क्षमता अभिबृद्धि गर्ने उद्धेश्यले कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सहयोगमा झापा नाटक घरमा शनिवारदेखि सो कार्यशाला संचालन गरिएको हो । बिर्तामोड नगरपालिकाका नगर उप-प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले कार्यशालाको उद्घाटन गरे । कार्यक्रममा बोल्दै प्रमुख अतिथि नगर उपप्रमुख संग्रौला , क्षितिज नाट्य प्रतिष्ठानका संरक्षक राजकुमार पोखरेल, नाटक घर निर्माण उपभोक्ता समितिका अध्यक्ष प्रेमकुमार खरेललगायतले नाट्य कलाको विकास र व्यवसायिकरण गरिनु पर्नेमा जोड दिए । उनीहरुले समाज रुपान्तरणमा नाटकले अहम् भूमिका खेलेको धारणा राखे ।

कार्यशालाका संयोजक एवं क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय अध्यक्ष माधव कल्पितले आउँदो वर्ष सार्कस्तरीय नाटक महोत्सवको आयोजना गरिने बताए ।उनले विभिन्न देशबाट प्रतिनिधित्व हुने गरी २९ वटा नाटकलाई महोत्सवमा समावेश गरिने जानकारी दिए ।

नृत्य बिभागका उपाध्यक्ष माधब भेट्वालले नृत्य, बाल कलाकार आशुतोष भट्टराईले नाटक, क्षितिज नाट्य प्रतिष्ठान पाँचथर शाखाका अध्यक्ष नगेन्द्र खतिवडाले गीत, दिपा ढकालले नृत्य र भिमा खतिवडाले गजल प्रस्तुत गरेको कार्यक्रममा साहित्य विभागका उपाध्यक्ष दुर्गाप्रसाद सिग्देलले स्वागत मन्तव्य गरेका थिए ।

क्षितिज नाट्य प्रतिष्ठानले हालसम्म १८ वटा शाखा विस्तार गरिसकेको छ। कुल ५ सय ५२ जना प्रतिभालाई जोड्न सफल प्रतिष्ठानले २५ अर्बको लगानीमा निर्माण हुने नेपालकै उत्कृष्ट सांस्कृतिक संग्रहालयको परिकल्पनामा काम भइरहेको केन्द्रीय अध्यक्ष कल्पितले बताए ।

कार्यशालामा इलाम , पाँचथर र झापा शाखाका २२ जना कलाकारहरुको सहभागिता रहने क्षितिज नाट्य प्रतिष्ठानका सचिव ताराप्रकाश भट्टराईले बताए । संस्थाका वरिष्ठ केन्द्रीय उपाध्यक्ष हरिप्रसाद भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन केन्द्रीय अध्यक्ष कल्पितले गरेका थिए ।

नेपाली सुपारीले भारतमा सहज प्रवेश किन पाउदैन ?

• **द्रोण अधिकारी**

रसिलो तथा गुणस्तरीय भएकै कारण भारतीय बजारमा नेपाली सुपारीको माग उच्च छ । केही वर्षयता भारत सरकारले नेपाली उत्पादन सुपारीलाई आयात गर्न कडाइ गरेपछि सुपारी कृषकले आफ्ना उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । यसको प्रमुख कारण तेस्रो देशबाट आयातित हुने सुपारी रहेको कृषकहरुको गुनासो छ । नेपालमा सुपारी प्रशोधन गर्ने स्तरीय प्रशोधन केन्द्र नहुनु, भएका सुपारी प्रशोधन केन्द्र पनि तेस्रो देशको सुपारी नेपाली बनाउने र रातारात करोडौं कमाउने कालो व्यापारिक केन्द्र बन्दा वास्तविक नेपाली उत्पादन सुपारीले मार खेप्नु परिरहेको छ । तेस्रो देशबाट आयातित हुने सुपारी नेपाली सुपारीजस्तो गुणस्तरीय नभएका कारण नेपाली सुपारीमा मिसावट गरी भारततिर पठाउन थालेपछि भारत सरकारले गुणस्तरको प्रश्न उठाउँदै नेपाली सुपारी आयातमा कडाइ गरेको हो । तर बैध बाटोबाट नेपाली सुपारी भारत जान नसके पनि अबैध बाटोबाट दिनहुँ हजारौं किलो गइरहेको छ । अबैध बाटो हुँदै नेपालबाट भारततर्फ सुपारी निकासी गर्दा राम्रो फाइदा हुने भएपछि स-साना व्यापारी, मजदुर एवं ठुलाबडा उद्योगीसमेत यो व्यवसायमा आकर्षित भएका छन् । अबैध कारोवार रोक्ने प्रहरी प्रशासनसमेत सुपारीलाई कमाइको राम्रो स्रोत बनाउन लागेपछि सुपारी तस्करी तीव्र बन्दै गइरहेको छ । नेपाल-भारत सीमा क्षेत्रमा खटिने प्रहरीले घुमाउरो तरिकाले सुपारी तस्कर बचाइरहेका छन् । नेपाली उत्पादन सुपारीले उचित मूल्य पाउँदैन, तस्कर यही सुपारीबाट मालामाल छन् भने कानुनको रक्षक सुरक्षाकर्मी सिद्धान्तमा सीमित भएर तस्करी शुन्य बताइरहेको छ । व्यवहार उल्टो हुँदा कृषक र उत्पादक निराश बन्ने अवस्था छ । यसबेला राज्यको जिम्मेवारी तस्कर र कालाबजारीसित जोडिएको अनुभूति सुपारी किसानमा छ ।

सिधा देखिने गरी सुपारी तस्करीमा प्रहरीले कडाई गर्न थालेपछि घुमाउरो शैलीमा विभिन्न नाका र माध्यमबाट सुपारी तस्करी भइरहेको छ । मुख्य गरी झापाको काँकरभिट्टा, बाहुण्डाँगी, सतिघट्टा, नकलबन्दा, भद्रपुर, पाठामारी, बनियानी, केचना, घेरावारी, टाँघनडुब्बा, गौरीगञ्जलगायतका क्षेत्रबाट अबैध निर्यात नाकाका रुपमा उपयोगी बनाइरहेका तस्कर समूहले पछिल्लो समय उत्तरी नाका बाहुण्डाँगी र दक्षिणी नाका केचनालाई सुपारी भारत निकासीका लागि सहज रुपमा प्रयोग गरिरहेका छन् । आयातित सुपारीमध्ये ९८ प्रतिशत इन्डोनेसिया र २ प्रतिशत सिंगापुरबाट आयात हुने गरेको छ । जो सामान्यतया खानका लागि अयोग्य सुपारी भएता पनि मधु गुट्खाजस्ता सूर्तिजन्य पदार्थमा मिसावटका लागि सस्तो दरमा नेपाल भित्र्याइएको हो । यही सुपारीका कारण नेपाली गुणस्तरीय सुपारीसमेत गुणस्तरहीन बन्नु परेको छ । बैध बाटोबाट नेपाली सुपारी सहजै भारत प्रवेश पाउँदैन । किसानले सिधै भारत पठाउन नसकेपछि तस्कर समूहको मूल्यमा नेपाली सुपारी बिक्री हुँदै आइरहेको छ । खासगरी सुपारीका लागि झापा र मोरङ उर्बर उत्पादन भूमि हुन् ।

झापाका विभिन्न ग्रामीण क्षेत्रमा उत्पादन हुने सुपारी तस्कर समूहले भारत निर्यातमा रोक लागेको भन्दै न्यून शुल्कमा खरिद गरी प्रहरी प्रशासनसित मिलेमतो गरी भारत निकासी भने गरिरहेका छन् । दक्षिणी नाकाबाट भारत पठाउने व्यापारिक समूहले भद्रपुर र बनियानीमा जम्मा गरेको नेपाली सुपारीमा तेस्रो देशबाट आयातित सुपारीमा मिसाएर विभिन्न झुण्ड बनाई भारततिर पठाइरहेका छन् । किसानसित नेपाली ५० रुपैयाँ पनि प्रतिकेजी सुपारी किन्न नमान्ने तस्कर समूहले ३ सय ५० रुपैयाँ भारतीय मुद्रामा नेपाली सुपारी बेचिरहेका छन् । नेपालका सुरक्षाकर्मी, भारतीय सुरक्षाकर्मी र व्यापारिक समूहबीच सुपारी वारपारका लागि ५० प्रतिशतसम्म हिस्सेदारी रहने गरेको छ । सिद्धान्ततः नेपालबाट भारत सुपारी जाँदैन तर व्यवहारिक रुपमा हेर्ने हो भने देखिने गरी नै मिलेमतोमा नेपाली सुपारी भारततिर सहजै गइरहेको छ । किसानले लगानीअनुरुप मूल्य पाउँदैनन् तर, तस्कर र संरक्षकले बिनालगानी मनग्यै आम्दानी गरिरहेको अवस्था छ । तस्करको जालो तोड्न नसक्ने सरकारले नेपाली उत्पादनको सुरक्षा कसरी गर्न सक्ला ?

राहुल गान्धी विपक्षी दलका नेता नियुक्त

एजेन्सी । कांग्रेस नेता राहुल गान्धीलाई विपक्षी दलको नेता नियुक्त गरिएको छ। कांग्रेस नेतृत्वको इन्डिया गठबन्धनको बैठकमा गान्धीलाई भारतको आधिकारिक विपक्षी नेताको रूपमा चयनको लागि सिफारिस गर्न सर्वसम्मतिले मतदान भएको हो। यो पद सन् २०१४ देखि खाली थियो।

बैठकमा सहभागीले सर्वसम्मतिले प्रस्ताव पारित गरी राहुल गान्धीलाई संसद्मा विपक्षी नेताको पद लिनुपर्ने केसी वेणुगोपालले बताए। हालै सम्पन्न लोकसभा निर्वाचनमा गान्धी भारतको दुई चुनाव क्षेत्रबाट विजयी बनेका थिए। उनी केरला र राय बरेलीबाट विजयी भएका थिए।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
~~Rs. 1500/-~~
Rs. 1050/-

Free Home Delivery

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

ऋषिकेश
Ayurvedic Hair Oil

स्वाटिकले जितिन् फ्रेन्च ओपनको उपाधि

एजेन्सी । पोल्यान्डकी इगा स्वाटिकले जस्मिन पाओलिनीलाई सजिलै ६-२ र ६-१ ले पराजित गर्दै शनिबार फ्रेन्च ओपनको महिला एकलको उपाधि जितेकी छिन् । उनले फ्रेन्च ओपनको उपाधि जितेको पछिल्लो पाँच वर्षमा चौथोपल्ट हो ।

पछिल्लो १७ वर्षमा महिला वरीयताको नम्बर १ खेलाडी २३ वर्षीया स्वाटिक लगातार तेस्रोपल्ट फ्रेन्च ओपनको उपाधि जित्ने पहिलो खेलाडी पनि भएकी छिन् । उनी जति ग्रान्ड स्लामको फाइनल पुगेकी छिन्, त्यत्तिकै पटक विजयी रहेकी छिन् ।उनको यो पाँचौ ग्रान्ड स्लाम उपाधि हो । स्वाटिकले सन् २०२२ मा यूएस ओपन पनि जितेकी थिइन् । इटालीकी पाओलिनी भने आफ्नो खेल जीवनको पहिलो ग्रान्ड स्लाम फाइनल खेलिरहेकी थिइन् र त्यसमा अपेक्षित प्रदर्शन गर्न सकिनन् ।

मोदीको सपथग्रहणमा प्रधानमन्त्री नयाँ दिल्ली



झापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहाल आज आइतबार नयाँ दिल्ली जाने भएका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सपथग्रहणमा सहभागी हुन दाहाल नयाँ दिल्ली जान लागेका हुन्।

प्रधानमन्त्रीको भ्रमण टोलीमा उनकी छोरी गंगा दाहाल, कानुन तथा संसदीय मामिला मन्त्री पदम गिरी र उच्चपदस्थ सरकारी अधिकारी रहने परराष्ट्र मन्त्रालयले जनाएको छ।

प्रधानमन्त्री दाहाल आइतबार राति नयाँ दिल्लीमै बस्ने कार्यक्रम छ। उनी सोमबार फर्किने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

मोदी एनडीए गठबन्धनको नेतृत्व गर्दै तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्री बन्दैछन्। उनले आइतबार साँझ ७:१५ बजे सपथ लिँदैछन्। मोदीको सपथग्रहण कार्यक्रममा विदेशी पाहुनासहित ८ हजार बढीको सहभागिता रहने बताइएको छ।

कारखानामा आगलागी हुँदा तीनको मृत्यु, छ घाइते

एजेन्सी । भारतको उत्तरी दिल्लीको नरेला औद्योगिक क्षेत्रमा रहेको खाद्य प्रशोधन कारखानामा शनिबार बिहान आगलागी हुँदा तीन जनाको मृत्यु हुनुका साथै छ जना घाइते भएको दिल्ली प्रहरीले जनाएको छ ।

प्रहरीलाई घटनाको बारेमा पीसीआर कलबाट सूचना प्राप्त भएपछि प्रहरी कर्मचारीहरू फूड्स लिमिटेडमा पुग्दा आगो लागिरहेको प्रहरीले जनाएको छ । घटना हुँदा नौ जना कारखानाभित्र रहेको जनाईएको छ । उनीहरूलाई उद्धारपछि तत्कालै नरेलाको एसएचआरसी अस्पतालमा लगिएकोमा घाइतेमध्ये तीन जनालाई अस्पतालले मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार ग्यास बर्नरमा कच्चा मुग भर्ने क्रममा ग्यासको एउटा पाइपलाइनमा ग्यास चुहिएर दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ । आगो फैलिदा कम्प्रेसर अत्यधिक तताएको परिणामस्वरूप विस्फोट भएको थियो ।

मृत्यु हुनेहरुमा श्याम , राम सिंह र बीरपा रहेको पुष्टि भएको छ । घाइतेमध्ये पुष्पेन्द्र आकाश , मोहितकुमार , रवि कुमार, मोनु र लालु रहेका छन् । घटनासँग उपयुक्त धाराअन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

भद्रपुरका किसानलाई विद्युत् महशुलमा अनुदान

झापा(प्रस) । झापाको भद्रपुर नगरपालिकाले कृषिजन्य बाली उत्पादन गर्ने कृषकलाई विद्युतीय महशुलमा ५० प्रतिशत अनुदान दिन थालेको छ । चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत कृषि सिँचाइ विद्युत् महशुल मूल्य अनुदान कार्यक्रम कार्यान्वयन गरिएको हो ।

कार्यक्रमबाट नगरपालिकामा सूचीकृत कृषि सिँचाइ विद्युत् मिटर भएका करिब एक हजार सात सय किसानले लाभ लिइरहेको नगर प्रमुख गणेश पोखेलले बताए । “स्थानीय कृषकलाई आर्थिक राहत प्रदान गर्दै कृषि उत्पादकत्व अभिवृद्धि गर्नुका साथै सिँचाइको दिगो प्रयोग अभ्यासलाई प्रवर्द्धन गर्ने कार्यक्रमको उद्देश्य छ”, उनले भने ।

कृषि विकास अधिकृत सुमन विमलीका अनुसार किसानले कृषिजन्य बाली उत्पादन गर्दा हुन आउने विद्युत् महशुलको आधा रकम भुक्तानी गर्ने गरिएको छ । उनले योग्य किसानलाई लक्षित गरी अनुदान वितरण गरिरहेको बताए ।

राज्यले चिया खेतीलाई उद्योगअन्तर्गत राखेकामा किसानले गुनासो गर्ने गरेको कृषि विकास अधिकृत बिमलीले बताए । चिया खेतीलाई कृषितर्फ राखे किसानले थप राहत महसुस गर्ने उनको भनाइ छ ।

भोक्राहामा प्रथम महिला खो-खो प्रतियोगिता

झापा(प्रस) । सुनसरीकोसीमावर्ती भोक्राहा नरसिंह गाउँपालिकामा प्रथम महिला खो-खो प्रतियोगिताको तयारी पूरा भएको छ । भोक्राहा नरसिंह गाउँपालिका चिरौलीको सहयोग तथा प्रदेशस्तरीय खो-खो खेलकुद उपभोक्ता समितिको आयोजना र जिल्ला खो-खो संघ सुनसरीको सहकार्यमा उपाध्यक्ष प्रथम महिला आमन्त्रण राष्ट्रिय खो-खो प्रतियोगिता हुन लागेको हो । भोक्राहा नरसिंहका उपाध्यक्ष सुनिताकुमारी उरावका अनुसार प्रतियोगिता जेठ २९ देखि ३१ गते तीन दिनसम्म सञ्चालन हुने छ ।

नेपालमै पहिलो पटक उपाध्यक्ष प्रथम महिला आमन्त्रण राष्ट्रिय खो-खो प्रतियोगितामा राष्ट्रिय खो-खो खेलाडीको सहभागिता रहने उरावले जानकारी दिइन् । आयोजकले दिएको जानकारी अनुसार उपाध्यक्ष प्रथम महिला आमन्त्रण राष्ट्रिय खो-खो प्रतियोगितालाई थप आकर्षक बनाउनका लागि त्रिभुवन आर्मी क्लब काठमाडौँसहित मोरङ, धनकुटा, धनुषा, सर्लाही, बारा, सुनसरी लगायतका टिमको सहभागिता रहने आयोजक समितिका अध्यक्ष वीरेन्द्र यादवले जानकारी दिए ।

लिग कम नकआउटको आधारमा हुने प्रतियोगितामा ६ जिल्ला र विभागीय टिम त्रिभुवन आर्मी क्लब गरी सात वटा टिमको सहभागिता रहने छ । त्यहाँ मोरङ, धनकुटा, धनुषा, सर्लाही , बारा, सुनसरीलगायतका ७ वटा टिमबिच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको विजेताले ट्रफी, मेडल र प्रमाणपत्रसहित नगद २५ हजार रुपैयाँ प्राप्त गर्नेछ । यसैगरी उपविजेता टोलीले १५ हजार रुपैयाँ र तेस्रो हुने टोलीले पाँच हजार एक रुपैयाँ प्राप्त गर्नेछ ।

प्रतियोगिताका सर्वश्रेष्ठ चेजर र रनरलाई पनि जनही १० हजार रुपैयाँका दरले पुरस्कृत गरिनेछ । सुनसरी जिल्ला खो खो संघका अध्यक्ष तथा खो-खो संघ कोशी प्रदेशका सचिव कपिलदेव यादवले पहिलो पटक महिला समूहको खो खो प्रतियोगिता आयोजना हुन लागेको जानकारी दिए ।

नेपालमा खो खो खेलको सुरुवात वि.सं.२०५२ सालमा भएको थियो । यसअघि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गरिएपनि सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाले उपाध्यक्ष प्रथम महिला आमन्त्रण राष्ट्रिय खो-खो प्रतियोगिता पहिलोपटक आयोजना गर्न लागेको हो ।

श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

“श्रमको सम्मान, राष्ट्रको अभियान”
अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

लागूऔषध ब्राउनसुगरसहित पक्राउ

झापा(प्रस)। सुनसरीको धरान उपमहानगरपालिका १७ लोकप्रिय मार्गबाट लागूऔषध ब्राउनसुगरसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । धरान १७ स्थित ३७ वर्षीय

भुपाल न्यौपानेको घर कोठामा लुकाई राखेको अवस्थामा अबैध लागूऔषध ब्राउनसुगरसहित न्यौपानेलाई पक्राउ गरिएको हो ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले घरकोठामा कानुनी रूपमा चेकजाँच गर्दा ट्रामाडोल-१२ सय क्याप्सुल र ब्राउनसुगर १२ ग्रामसहित न्यौपानेलाई पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको जनाएको छ ।

सामुदायिक वनको पौडीपोखरी सुचारु



झापा(प्रस) ।हरियाली सामुदायिक वन उपभोक्ता समूहले मोरङको पथरीशनिश्चरे -२ मा पर्यापर्यटन कार्यक्रम अन्तर्गत व्यवस्थित पौडीपोखरी सञ्चालनमा ल्याएको छ ।

पथरीशनिश्चरे नगरपालिकाका नगर प्रमुख मोहनप्रसाद तुम्बापोले पौडी पोखरीको उद्घाटन गरेका थिए । नगर प्रमुख तुम्बापोले सामुदायिक वनको नियमित आम्दानी घट्दै गइरहेका बेला वन संरक्षणका लागि पब्लिक लिमिटेड दर्ता गरेर रोजगार सिर्जना गर्ने खालका काममा नगरले सहयोग गर्ने बताए ।

सामुदायिक वनले हरियाली सामुदायिक वन पब्लिक लिमिटेड दर्ता गरेर सर्वसाधारणलाई लगानीका लागि आह्वान गरेको थियो । हालसम्म ८६३ जना उपभोक्ताले लगानी गरिसकेका छन् । वनका उपभोक्ताले न्यूनतम १० हजारदेखि अधिकतम एक लाख रुपैयाँसम्म लगानी गरेको कम्पनीका प्रबन्ध निर्देशक रोहित बास्तोलाले बताए । बास्तोलाका अनुसार सामुदायिक वनले ३५ प्रतिशत लगानी गरेको छ । हालसम्म ५ करोड रुपैयाँ खर्च भइसकेको हरियाली वन पब्लिक लिमिटेडका पदाधिकारीको भनाइ छ ।

सामुदायिक वनको ३ हेक्टर जग्गामा पर्यापर्यटनको विकासका लागि दर्ता भएको कम्पनीले सभा हल, पौडीपोखरी र चमेना गृह निर्माण गरिसकेको छ । तीन वर्षअघि ३८ करोड रुपैयाँको डिपीआर बनाएर काम थालेको सामुदायिक वनले अबको ५ वर्षभित्र फनपार्क, बाल उद्यान, प्रेमचौतारी र विज्ञान प्रदर्शनी केन्द्र (साइन्स सिटी) निर्माण गर्ने भएको छ ।

प्रबन्ध निर्देशक बास्तोलाका अनुसार हाल ५ जनाले रोजगार पाइरहेको कम्पनीमा आयोजना सम्पन्न भएपछि २ सय जनाले रोजगार पाउने लक्ष्य राखिएको छ । पछिल्लो समय पूर्वका सामुदायिक वनहरूले रोजगार सिर्जना हुने पर्यटकीय केन्द्र निर्माणमा

‘प्रहरी एक्लैले लागूऔषध दुर्व्यसन नियन्त्रण गर्न नसक्ने’

भद्रपुर(प्रस) । झापाका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक मिलन केसीले लागूऔषध दुर्व्यसनीको जिल्लाको रुपमा परिचित झापामा दुर्व्यसन नियन्त्रणका लागि प्रहरीलाई झापाली जनताको सहयोग आवश्यक रहेको बताएका छन् ।

सामुदायिक प्रहरी सेवाकेन्द्र चन्द्रगढीको समन्वयमा भद्रपुर १० कलवलगुडीको नागेश्वर ज्योतिर्लिङ्ग कल्पेश्वर देउनियामा निर्मित कलात्मक चौतारा तथा सिडीको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् । उनले दुर्व्यसन नियन्त्रणका लागि प्रहरीले महिला तथा बालबालिकालक्षित विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिरहेको जानकारी दिए ।

अपराध नियन्त्रणलगायत जिल्लाको शान्ति सुरक्षा कायम गर्न प्रहरी अहोरात्र खटिरहेको बताउँदै उनले शान्ति सुरक्षा कायम गर्न प्रहरीले जनताको सहयोग खोजेको आवश्यकता औल्याए ।

गत चैत २९ गते स्थानीय समाजसेवी भरत सुवेदीको सिडी निर्माण गरेका थिए । त्यस सिडी र चौतारालाई कलात्मक डिजाईन गर्ने काम भद्रपुर १० निवासी गोविन्द चापागाई र उनकी धर्मपत्नी राधा चापागाईले गरेका हुन् । सो अबसरमा उनीहरुलाई सेवाकेन्द्रले खादा ओढाएर सम्मान गरेको थियो । कार्यक्रममा सेवाकेन्द्र कोषाध्यक्ष ज्योति रिजाल न्यौपानेले कलात्मक सिडी तथा चौताराको आयव्यय सार्वजनिक गर्दै रंगरोकन गर्न जम्मा १ लाख ७६ हजार २ सय रुपैयाँ खर्च भएको जानकारी दिइन् । सेवाकेन्द्रका अध्यक्ष दुर्गाप्रसाद पाठकको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव खड्गबहादुर बुढाथोकी र स्वागत मन्तव्य निर्मला दंगालले गरेका थिए । कार्यक्रममा भेलागढी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पुण्यप्रसाद लम्सालले पनि मन्तव्य राखेका थिए ।

गाँजा खुला गर्न छलफल

झापा(प्रस)। लागूऔषधका रूपमा प्रतिबन्धित अवस्थामा रहेको गाँजा खेतीलाई औषधी र औद्योगिक प्रयोजनका लागि खुला गर्ने तयारी भएको छ । प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले गाँजाको सम्भाव्यताबारे सरकार तथा सरोकारवाला निकायसँग गरेको छलफलमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले गाँजालाई औषधी र औद्योगिक प्रयोजनका खुला गरी यसको सम्भाव्यताबारे अनुसन्धान गर्न गृह मन्त्रालयले नियमावली बनाउन लागिरहेको बताए ।

उनले गाँजाको औद्योगिक तथा औषधीजन्य उपयोगका लागि एक महिनाभित्र नियमावली बनाउने गरी मन्त्रालयले गृहकार्य गरिरहेको समेत जनाकारी दिए ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ बजेटमा गाँजा खेतीको औषधी प्रयोजनका लागि व्यावसायिक उत्पादन, प्रशोधनका लागि सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको थियो । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको शुक्रबारको बैठकमा गृहमन्त्री लामिछानेले भने “सरकारले बजेटमा नै गाँजाको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेसँगै गृह मन्त्रालयले यसबारे अध्ययन गरी नियमावली तयार गर्ने गृहकार्यमा जुटेको छ । आगामी एक महिनाभित्र सो नियमावली तयार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।” समितिको बैठकमा अर्थमन्त्री वर्षमान पुनले नेपालमा गाँजा प्रतिबन्धित रहे पनि यसबाट बनेका वस्तु बजारमा छ्यापछ्याप्ती पाइरहेकाले यसको बहुउपयोगिताबारे अध्ययन जरुरी रहेको बताए । उनले भने, “बाहिर गाँजा प्रतिबन्धित छ तर यस पटक मैले बजेट वक्तव्य प्रस्तुत गर्ने क्रममा गाँजाबाट बनेको झोला सार्वभौम संसद्या लग्दा कानुनी प्रश्नभन्दा प्रशंसा नै बढी भयो । यसले पनि गाँजाको बहुउपयोगिताको महत्व दर्शाउँछ ।

पूर्व कानुनमन्त्री शेरबहादुर तामाङले गाँजा खेतीको बहुउपयोगिताबारे चर्चा गर्दै गाँजा खेतीलाई वैधानिकता दिँदा कुनै कम्पनीलाई नभई किसानले प्रत्यक्ष लाभ पाउने गरी गाँजा खेती गर्ने इजाजत किसानलाई मात्र दिनुपर्ने बताए । संयुक्त राष्ट्रसंघले सन् २०२२ मा गाँजालाई कम घातक लागूऔषधका रूपमा परिभाषित गरेपछि विश्वका ४० भन्दा बढी देशमा यसको उत्पादन र प्रयोग खुला गरिएको छ ।

छलफलमा सहभागी संसाद तथा विभिन्न मन्त्रालयका प्रतिनिधिले मुलुकको अर्थतन्त्रलाई नै टेवा दिन सक्ने गाँजाको औषधीय प्रयोग र औद्योगिक उपयोगिता कार्यान्वयन गर्न ढिलाइ गर्न नहुने सुझाव दिए । समितिमा छलफलपछि सभापति डा. आरजु राणाले सरकारलाई तत्काल यसबारे नियमावली तयार गरी गाँजाको सम्भाव्यता अध्ययन गर्न निर्देशन दिँदै तीन महिनाभित्र सरकारले नियमावली जारी नगरे समितिले उपसमिति गठन गरी यसको अध्ययन सुरु गर्ने बताइन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन
अभिव्यक्ति

कविता

अचेल धेरै कुरा नजान्ने भएको छु!

• भोजराज भट्टराई 'विराज'

यहाँ
विज्ञहरूको बिगबिगी छ
सिक्नेभन्दा सिकाउने धेरै छन्
जान्ने बनियो भने सिकाउनेको खेती खोसिएला
उनीहरूको विरोध गरे प्रतिशोध गाँसिएला
बिचराहरूको खाई खेती मासिएला
त्यसैले
तिनैले जे जे भने भनुन्, मान्ने भएको छु
अचेल धेरै कुरा नजान्ने भएको छु।

शिक्षक होइन प्रअलाई तालिम दिन्छ
राम्रो समाचार रिपोर्ट तयार नगर्नेले पत्रकारिता तालिम भन्दै हिँड्छ
लेखक, कवि होइन कविता साहित्यको दर्शन छाँट्छ
कर्मचारी होइन प्रस्तावना, माइन्यूट, प्रतिवेदन लेखनमा विज्ञ छु भनेर ढाँट्छ
मञ्चमा कतै कार्यक्रम नचलाउनेले उद्घोषण तालिम दिन्छ
एकछिन मान्छेहरू अलमल्याएर दुई चार पैसा लिन्छ
विरोध गर्ने संस्कार सिकिएन
त्यसैले राम्रो मालमा बिकिएन
तिनैले जे जे भने भनुन् मान्ने भएको छु
अचेल धेरै कुरा नजान्ने भएको छु।

दैनिक कर्मले खारिएकाहरू उनीहरूकै कुरा सुन्नु पर्ने
चित्त बुझोस् नबुझोस् तिनैलाई वरिष्ठ चुन्नु पर्ने
न उनका सीप जीवनमा प्रयोग भएका छन्
न उनका कुरा व्यवहारमा आएका छन्
सिकाउनेहरू आफ्ना कनीकुथी कुरा थोपरेर जान्छन्
सिक्नेहरू मौन बसेरै चिया खाजा खान्छन्
सिकाउनेहरू खुबै गरियो ठान्छन्
सिक्नेहरू बिस्तारै दिक्दार मान्छन्।

जान्नेले सिकाए राम्रै मान्दथे
जीवन व्यवहारका केही सीप जान्दथे
काम गर्नेहरू गरिरहेका छन्
सिकाइ, भोगाइले सीप भरिरहेका छन्
यहाँ राम्रोलाई होइन हाम्रोलाई छान्ने चलन छ
जान्नेलाई होइन मान्नेलाई तान्ने चलन छ
यस्तै अनेक विचित्र देखेको छु
अलिकति मात्र यहाँ लेखेको छु
तिनैले जे जे भने भनुन् मान्ने भएको छु
अचेल धेरै कुरा नजान्ने भएको छु।

गजल

तिमीसँगै बितोस्

• जेश स्पन्दन

जिन्दगीका दिन अनि रातहरू, तिमीसँगै बितोस्
कहानी मायाको हाम्रो, मात्रै तिमीसँगै लेखोस्

तिमी रिसाए मैले फकाउने छु, म रिसाए तिमीले
दुनियाँसँग लडेरै जितुँला मात्र, तिमीसँग हारोस्

लर्लबराउलान् यी पाइलाहरू, हात थामिराखेस्
तिमी नै हौ मनको शान्ति, तिमी जाँगर जोस्

एक एक गर्दै सारा खुसी, हाम्रा समीप आउँछन्
मिहिनेतले हाम्रो दुःख कष्ट निकै, टाढा छुटोस्

जति माथि पुगे पनि धरातल यो, कहिल्यै नभुलूँ
शिरले आकाश छोए पनि पाइला, जमिनमै होस् ।

भक्तपुर

गाडीको सिटमुनि फेला परेको डायरी!

• रूप रसाइली विश्वकर्मा 'पुछार घरे'

(प्रेम त नभनूँ क्यारे प्रेममा त लिने मनसाय केही हुँदैन, केवल दिन सकूँ हुन्छ। हामीबिच प्रेम नभएको रहेछ क्यार! किनकि हामी हिसाब किताबमा धेरै अल्झिएका हौँ। बरु माया रहेछ। मायाकै कारण मप्रतिको मेह छ क्यारे! मायाका अवशेषहरू मज्जाले छुपेर बसेका रहेछन्।

पहिलोपल्ट देखिएको दिनकै अवसर पारेर अब उप्रान्त उसका कुनै पनि अवशेषहरू शेष नरहुन् वा नराखूँ भनी इमेल खोलेँ। उसका सबै मेसेज र हामीबिच विभिन्न समयका आदानप्रदान तथा सँगै काम गरेका दुवैका डकुमेन्ट जति थिए आँखा चिम्लेर डिलिट गरेँ। ह्वाट्सएप, इमो, भाइबर, मेसेन्जरका सबै मेसेज डिलिट गरेँ। फेसबुक, ट्विटर र इन्स्टामा अन्फ्रेन्ड नै त गरिनँ, तर अनफलो गरेँ।

२६० जिबीको एसएसडी राखेपछि कम्प्युटर छिटो चल्न थालेको हो। पुरानो हार्ड ड्राइभ पुरानै झोलामा रहेछ। खोतलेर हेरेँ। ऊ खुसी भएका पल खित्का छोडेर हाँसेका भिडिओ कलहरूका स्क्रिन सर्ट भिडिओ त कतै स्क्रिन सट फोटो रहेछन्। बुढेसकालमा हाँस्ने र जवानी सम्झने बहाना होस् भनेर जतन गरिएको हो खासमा। समय आएर पनि गइसकेको हो, मनमा कतै न कतै माया शेष रहनाले रहिरहेको थियो। यसपालि फोल्डरलाई अप्सन लगाएँ डिलिटका लागि तर यसपालि पनि डिलिट थिच्नै सकिनँ।

'बाबा, यो डकुमेन्ट राखिदिनु है। हजुरले जतन गर्नुहुन्छ, खोज्दा झट्ट पाइयोस् मेरो त केमा राख्ने।'

उसका केही डकुमेन्ट, केही पुराना फोटा, सर्टिफिकेटहरू रहेछन्। दश बाह्र त गजलहरू पनि। हेर्दै गएँ। एकछिन त सोचेँ, सम्बन्ध सकिएर धुलो माटो भयो। सम्झना दिलाउने यस्ता चिजहरू राखेर के भोलिका समय बरबाद पार्ने! कठोर बनेँ र पुनः अप्सन लगाएँ, आँखा चिम्लेर डिलिट गरिदिएँ। आफैँभित्र पनि दुई मन रहेछ। एकले गर् भन्छ अर्कोले नगर्।

यसो हेरेँ, उसैले दिएको भेस्ट शरीरमै छ। उसैले किनिदिएको सिरानीको खोल सिरानीमै छ। यिनलाई के गर्ने त? कस्तो फन्टुस आइडिया आयो, जलाइदिने? आ.. मरेका मान्छेका पो कपडा जलाउँछन्, आफूले लाएको कपडा पनि किन जलाउनु र! कि कसैलाई दिऊँ, या फालिदिऊँ? एकछिन यतिकै अलमल्ल परेँ। म यति निष्ठुरी किन भएँ एकाएक? एउटा आफैँभित्रको मन सोध्छ।
फेरि रिसाइकल बिन खोलेर उसका सबै डिलिट भएका जे जति चिज थिए, रिस्टोर गरेँ। ऊ खुसी भएका दिनहरू सम्झिएँ। बटुकाको मास्क बनाएर भिडिओ कल गरेकी थिई। खुट्टो भित्तामा ठड्याएर आफू जमिनमा पल्टेर नाचेकी थिई। एउटा बाहुलालाई पछाडि लुकाएर त्यो सानो ज्यानलाई एउटै बाहुलामा अटाएर ग्ल्यामर फोटो पठाएकी थिई।

'म लोक सेवा पास गर्छु। तिमीले कमाउनु पर्दैन। बच्चा हेर। पढ। तिमीले आफ्नो पढाइ पूरा गर। लेख। अलिक राजनीतिक विषयमा अध्ययन बढाऊ।' यस्तै भन्दै उसले सिरानी बनाएकी थिई मेरो छातीलाई। अनि लोक सेवाको किताब पढिरहेकी थिई खुट्टा हल्लाउँदै।

सोध्थी, 'बाबा, पशुपतिको मन्दिर कसले बनाएको हो?'

'जीवन कोमलता र भावुकताले चल्दैन,' उसले बारम्बार भन्थी। मेरो यस्तै यस्तै भावुकता र ऊप्रतिको बेस्वादिलोको माया किन यसरी उस्तै होला? किन नघटेको होला? किन नररत नभएको होला?
थाहा छ, बरु ढुङ्गा मान्छे बनेर बोल्ला तर ऊ सम्बन्धमा फर्किन्न। फर्किन्छ कि भन्ने आस त कति गरियो कति तर फर्किन्न, ऊ भनेर आफूले पनि धेरै कुरामा फाइनल गरेको हो। खै के कुराको आसमा अल्झिएको हो म यति धेरै! सम्बन्धमा सम्झनाको फाइनल गर्न कहिल्यै सकिँदैन रहेछ। कतै कम्प्युटरमा झैँ एसएसडी हालेर छिटो चलेझैँ पो हुन्थ्यो कि। उसलाई हार्ड ड्राइभ मान्ने हो भने एसएसडी अझै जीवनको बजारमा आएको छैन। बारबार जान्छु भन्दै गएझैँ गर्दै फर्किने म र एकै पटक गएर नफर्किने उसमा फरक यही रहेछ।
जीवनमा राम्रो कहिल्यै भएन। कहिल्यै केही सपना देखिनँ। ऊ भेटिई। ऊ नै सपना बनेकी हो। अब न सपना छन् न ऊ छ। ऊ भएको कल्पना गर्ने बित्तिकै सपनाहरू सलबलाउँछन्। उसकै तस्बिर भएको सिरानीको खोलले बिझाउन थाल्छ।
अस्ति निकैपछि कोठाका साथीसँग घर व्यवहारका कुरा भए। भन्दै थिए, 'तपाईंहरूको जोडी त कस्तो मिल्दो हुने थियो। दुवैको एउटै काम, एकै फिल्ड पनि। दिनभरि आफ्नै मान्छेसँग फिल्डमा एक अर्कालाई चिन्ता नहुने। अनि साँझमा एउटाको काखमा अर्को गरीकन दिनभरिको कामको सम्पादन अनि सम्बन्धमा चुम्बनको वर्षा।'
मेरो सपनाले एकछिन त थप उडान भऱ्यो। आहा! साँच्चै, यस्तो सोच, सपना, काम एकै भएका जोडी त कमै पो हुन्छन् होला। पुनः सोचिरहेँ। मानौँ, उसले 'फर्कनुस् है अब' भनी भने म त तयार भएको समयले पनि तीन वर्ष बितेछ। उसले फर्कनुस् भनेकै बेला फर्कने तयारी बिहेका लागि थियो। त्यो यही मे महिना हो। फर्केको भए। प्लानबमोजिम बिहे गरेको भए!
कल्पना त हो। फर्किन्थेँ, बिहे गर्थ्यौँ।
उसैले भनेकी हो, आमाबाबुसँग भन्दा पनि बच्चाहरू बाजे बज्यैसँग हुर्किए भने सांस्कारिक वा विचारवान् हुन्छन् रे। शून्यको मूल्य पुस्तकमा पनि यो कुरा मजाले लेखेका छन् लेखकले। हामीले पनि उमेरमै अझै हजुरको आमाले बच्चाको स्याहार गर्न सक्ने हुँदा नै बच्चाको प्लान गर्ने हो। उसको कुराअनुसार बिहेकै साल बच्चाको प्लान भएको भए यति बेला दुई वर्षको बच्चा पनि हुन्थ्यो।
उसले एक्लै कति कमाएकी छ कुन्नि तर म एक्लैले जति कमाएको छु, दुवैको जोड्दा घर जग्गा बन्न सक्थ्यो। घर, जग्गा, बिहे, बच्चा। यति भएपछि बाँच्न त दुवैसँग सिप छँदै छ। तर यथार्थमा म एक्लैलाई अझै समय लाग्छ। लागोस् कति लाग्न पर्ने हो।
एकताका सञ्जालमा खुबै भाइरल भएको थियो कमिलाको कथा। 'के तपाईंलाई थाहा छ? यदि तपाईंले १०० कालो कमिला र १०० रातो कमिलालाई भाँडोमा राख्नुभयो भने, केही हुँदैन? तर यदि तपाईंले जारलाई जोडले हल्लाउनुभयो भने, कमिलाहरू एक अर्कालाई मार्न थाल्छन्। रातो कमिलाले कालो कमिलालाई आफ्नो शत्रु र कालो कमिलाले रातो कमिलालाई आफ्नो शत्रु ठान्छन्। साँचो शत्रु भनेको भाँडो हल्लाउने हो। मानव समाजमा पनि यस्तै हुन्छ। त्यसैले, हामीले एक अर्कालाई आक्रमण गर्नुअघि, हामी रहेको कसले जार हल्लाउँदै छ भनेर सोच्नुपर्छ जान्नुपर्छ।'
कहिलेकाहीँ सम्बन्ध आआफ्नो ठाउँमा ठिकै ठाकै हुँदाहुँदै पनि कुनै एकको जीवनमा तेस्रो व्यक्तिको आगमनले र उसले ठाउँ बनाउन पाएको खण्डमा सम्बन्धको तहसनहस हुन्छ। हरेकले सहन्छन् लडाइँ, झगडा तर मन अलिकति कतै लोभिने बित्तिकै आफ्नो सामुन्नेको त केही कामको देखिन्न, देख्दा पनि रिस उठ्न सुरु गर्छ। आवाज कतै दूर सुने पनि रिस उठ्न थाल्छ।

❖ बाँकी तेस्रो पृष्ठमा

बिच पेटीमा सभ्य मान्छे !

• भाउपन्थी

उसलाई घाँस खुवाउने विचार थियो । मैले निर्णय गर्न सकिरहेको थिइनँ । मेरो झोलामा एक मुठा पालुङ्गो र एक मुठा चम्सुर थियो । त्यो झिकेर म उसको मुखैनिर लगेर भन्न सक्थेँ, "लौ खाऊ घाँस ।" तर तह परेन । उसैलाई मात्र घाँस खुवाउने लक्ष्य किन लिनु पऱ्यो भन्ने सोचेँ । म मार्केट गएर फर्कंदा ऊ एक्कासि एटिएमबाट पैसा झिकेर पेटीमा निस्केको थियो । पैसा पाइयो वा पाइएन त्यो मैले देख्न पाइनँ । एटिएमतिर जाने काम मेरो परेको थिएन तथापि यहाँ नयाँ स्थापित एटिएम छ भन्ने मलाई थाहा थियो ।

एटिएम कुन बैङ्कको हो, त्यो यहाँ उल्लेख गरिरहनु आवश्यक थिएन । कुन बैङ्कको हो भन्ने मलाई थाहा थियो । बैङ्कको नाम उल्लेख गर्दा सित्तैँमा प्रचार हुने थियो । यो जानिराख्दा हुन्छ, अचेलभरि जताततै एटिएम भरमार छ । मात्र कति भने खातामा रकम हुनु पऱ्यो । उसको खातामा रकम हुँदो हो र त पैसा झिक्यो होला । एटिएमको कार्ड त मसित पनि थियो त्यस बेला, रकम थिएन । एकदुई चोटि रकम नभए पनि पैसाको गर्जोले मेसिनमा कार्ड छिराएर यताउताका नम्बर थिचेर हेरेँ तर रकम आएन । निराश भएर मेसिनले वाकेको कार्ड लिएर क्याबिनबाट निस्केको थिएँ ।

यी सबै विवरण अनावश्यक लाग्न सक्छ तर उसलाई बिच पेटीमा उभिएर मोबाइलमा कुरा गरिरहेको देखेपछि यस्तो विवरण आयो मेरो मनमा । साथै ऊ एटिएमतिर छिर्ने गेटको अगाडि पनि उभिएको थियो । त्यता जाने गेटको अगाडिको पेटीको बिचमा ऊ उभिएको थियो । र भन्नु परोइन, मोबाइलमा मग्न भएर कुरा गरिरहेको थियो । मानौँ, यस भेगमा ऊभन्दा अर्को कोही छैन । हुन पनि पेटीबाट ओहोरदोहोर गर्ने त्यस बेला कोही थिएन । म मात्र तरकारी बजारबाट फर्किरहेको थिएँ । तरकारी बजार म यसकारण जान्थेँ, त्यहाँ तरकारी किन्दा केही बचत हुन्थ्यो । त्यहाँ पालुङ्गोको साग एक मुठाको २० पर्थ्यो भने छिमेकको पसलमा ठटाएर २५ लिन्थ्यो । कोठाबाट तरकारी बजार अलि टाढै पर्थ्यो र त्यता तरकारी किन्न जाँदा मर्निङ वाक पनि हुन्थ्यो । कममा पनि १०/१५ रुपियाँ बचत पनि हुन्थ्यो, तरकारी किन्दा । परिवारमा सदस्य सङ्ख्या धेरै थिए तर म तरकारी बजार पुगेर पनि एकमुस्ट धेरै तरकारी किन्न सक्दिनथेँ । स्पष्ट थियो, मसँग सीमित पैसा हुन्थ्यो । मनग्गे खर्च गर्ने हैसियत थिएन । हैसियत नहुँदानहुँदै पनि म परिवारलाई यस कारण चम्सुर पालुङ्गो खुवाउँथेँ कि सिजनल तरकारी उनीहरूले पनि चाखून् । यसकारण पत्नी पातलो मसुराको दालसँगै चार/पाँच वटा धर्सा साग प्रत्येक सदस्यको भागमा बन्डा पर्ने गरी बाँड्थिन् । कहिले उनका लागि साग बाँकी रहन्थ्यो, कहिले रहँदैनथ्यो । नरहनुको कारण मै हुन्थेँ ।

म भन्थेँ, "साग छैन ?" साग मैले खाइदिएँ भने पत्नीले खान पाउँदिनँ भन्ने मलाई थाहा थियो तर पुरुषस्वार्थले प्रेरित भएर म त्यसो भनिटोपल्थेँ, "साग छैन ?" पत्नी मेरो मागका अगाडि नतमस्तक हुन्थी । आफ्नो भागकै लागि बचेको केही साग भाँडो खऱ्याकखुरुक पारेर मेरो थालमा आदरका साथ राखिदिन्थी । ऊ बुद्धिमत्ता थिई । यो देखाउँदैनथी, "मैले नखाए पनि हुन्छ तर तपाईं तृप्त हुनुहोस् ।" पुरुष अहम्लाई चोट नलागोस् भन्नेमा ऊ सचेत थिई । उसमा श्रीमान्प्रति समर्पणको भाव पनि थियो । यो भन्न मैले दाबी गर्नै पर्दैन ।

पत्नी मेरा आवश्यकतालाई आफ्नाभन्दा बढी प्राथमिक सूचीमा राख्थी । उसको अर्को सहारा थिएन । माइतीहरू पहाडमा गरिबहरू थिए । माइत जाँदा उसैले खाइनखाई बचत गरेको रकमले लुगाफाटा र जाडोका लागि ओढ्ने मोटा मोटा सिरक र डसना लिएर जान्थी । फर्कने बेलामा केही रासनपानी पनि किनिदिन्थी । पानी त नभनूँ, चामल र दाल सकेको किनेर छाडिदिन्थी । पहाडमा पनि चामल र दालका पसल खुलिसकेका थिए । पानी अझैसम्म त पँधेरो वा धारोमा पालो कुरेर भए पनि बुढाबुढीले थापेर खाने गरेका थिए । पहाडले पनि मुहार फेरेको छ । पहिलाको पहाड छैन ।

आर्थिक पक्षका कारण ऊ माइत जान हिचकिचाउँथी । उसले महिलाका ब्लाउजमा, कुर्तासुरुवालमा टाँक लगाउने, तुर्पन गर्ने कामबाट केही बचत गर्थी । बचत गरेकोलाई कमाउँथी भन्न मन लागेन मलाई । कमाउनु र बचत गर्नुमा फरक लाग्यो मलाई तर त्यति फरक छैन तैपनि भाषाको एउटा खेल हुन सक्थ्यो यसमा । छिमेककै टेलरिङ सपसँग सम्पर्क राखेर त्यहाँबाट टाँक लगाउने र तुर्पन गर्ने फुटकर काम लिएर आउँथी । काम लिएर आउँथी भन्दा सजिलो गरी हुने काम जस्तो देखिन सक्छ तर त्यसो होइन । धेरै दुःखव्यथा देखाएर काम माग्नु पर्थ्यो । दिनेको हात माथि नै हुन्थ्यो, हात थाप्ने तलै पर्नु पर्थ्यो ।

अहिले म तरकारी बजारबाट फर्किरहेको छु । तरकारीको सन्दर्भमा यी सुखदुःखका कुरा भए । सुखका कुरा कम, दुःखका कुरा बढी । पालुङ्गो र चम्सुरको सागको तरकारी सम्झँदा मुखै रसाएर आयो । मेरी पत्नीको साग पकाउने सिप पनि त्यत्तिकै राम्रो छ । अभावको बेला सबै खाना मिठै लाग्ने भए तर त्यो स्वादमा खलल पुऱ्याउनै भनेर त्यो मान्छे एटिएमबाट निस्केर बिच पेटीमा उभिएर मोबाइलमा कुरा गर्न लागेको होइन । देहमुद्राले ऊ निकै बेर कुरा गर्ने छाँट देखियो । ऊ व्यापारी थियो अथवा बिचौलिया । माने यताबाट थोकमा सामान किनेर उता जिल्लामा लगेर मुनासिब नाफा राखेर बेच्ने व्यक्ति तर त्यो पनि व्यापारी नै ठहरिन्थ्यो । जे भए पनि ऊ बिच पेटीमा बाटो ढाकेर उभिएको थियो ।

मानिस मधेश, पहाड वा अमेरिका वा पोल्यान्ड कहीँको पनि हुन सक्छ । तर ऊ मधेशतिरको देखियो । ढडाकको । पहाडको पनि हुन सक्थ्यो । पहाडी मूलको मधेशी पनि हुन सक्थ्यो । अचेल यस्तो भन्ने चलन पनि ल्याएका छन् । मधेशी मूलको पहाडी भन्ने चलन ल्याइएको छैन तापनि पहाडी मूलको मधेशी भनेर गर्वका साथ चिनाउने गरिन्छ । ऊ जहाँको भए पनि मानिस ढडाककै थियो । तर एउटा भावना मभित्र पनि जागेको थियो, पेटीको बिचमा बाटै ढाकिने गरी उभिएर यो मान्छे किन मोबाइलमा कुरा गरिरहेछ । हाम्रो डेरा भएतिर केही मजदुर बिहानैदेखि ज्यालादारी कामको खोजीमा पेटी नै ढाकिने गरी उभिएर आपसमा गफिने गरिरहेका हुन्छन् । अहिले यो पनि त्यसरी नै उभिएको छ । नागरिक चेतना नभएको देखियो । यसलाई सचेत गराउनु जरुरी छ भन्ने एक किसिमको ठालुगिरी मभित्र जाग्यो यद्यपि यसलाई ठालुपन भन्न मिल्दैनथ्यो । म तैपनि उसबाट तर्कन पेटीबाट सडकमा ओर्लेर उसलाई नाघेपछि फेरि पेटीमा उक्लेर गन्तव्यतिर जान सक्थेँ । गन्तव्य भन्नु भव्य हुने थियो तर जानु उही डेरातिर हो ।

म उसको छेउ पुगेपछि भनिहालेछु, "ओ महोदय ! यो बिच पेटीमा उभिएर के गरेको ?"

यति मात्र भनेको थिएँ, उसले मोबाइलको कुरा रोकेर मलाई रिसले हेर्दै भनिहाल्यो, "देख्दैनौ म के गर्दै छु ?"

"त्यो त अन्धोले पनि देख्न सक्छ तर बाटो नै छेकेर पेटीमा उभिनु कहाँको सभ्यता हो । उभिने नै भए बिच सडकमा उभिनु पर्थ्यो । अनि थाहा पाउँथ्यौ के गरेको भन्ने ?" मैले कुरा नबढाएको भए हुने । खुरुखुरु आफ्नो बाटो लागेको भए हुने । तर अब बोलिसकियो ।

व्यक्ति युवक नै थियो । जङ्गियो र भन्यो, "म के घाँस खाने जनावर देखिन्छु तपाईंलाई बिच सडकमा उभिएर मोबाइलमा कुरा गर्नलाई ।" त्यसै बेला मलाई यो विचार आएको हो कि झोलामा बोकेको दुई मुठा साग उसको अगाडि राखिदिएर भनूँ, "लौ घाँसै खानोस् न त । पेटीको बिचमा उभिएर आउनेजानेको बाटो छेकेर कुरा गर्ने भए ।" तर कुराका लागि घटनाक्रम मिलिरहेको थिएन । साग झिक्नै मन लागेन । घरमा सागको आसमा बसेकी पत्नी र उसले पकाएको सागका तीनचार त्यान्द्रा भए पनि चाख्ने तृष्णामा बसेका अरू सदस्यको अनुहार मेरा आँखामा झलझली नाच्न आए ।

युवकले एकछिन मलाई निकै घोइरिएर हेऱ्यो । मोबाइलमा कुरा गर्न रोकिसकेको थियो अनि ऊ एक्कासि फिस्स हाँस्यो र भन्यो,

"ओ सरी अङ्कल ! साँच्चै मैले गल्ती पो गरेको रहेछु, पेटीको बिचमा उभिएर ।" त्यसपछि ऊ एकछेउ लाग्यो र अभिवादनमा एउटा हात उचालेर लाज पचाउन अर्कोतिर हिँडी पनि हाल्यो ।

पत्रकार महासंघमा जात्रा

• गणेश पाण्डे

काठमाडौंको राष्ट्रिय सभागृहमा वैशाख २१ गते नेपाल पत्रकार महासंघको २७ औं महाधिवेशनको बन्दसत्र समापन हुँदै थियो । अध्यक्ष मण्डलका अध्यक्ष रहनुभएका नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाले घोषणा गर्नुभयो- आगामी जेठ २६ गते निर्वाचन गर्ने, त्यसका लागि वैशाख महिनाभित्र सदस्यता विवाद टुंगो लगाउने अनि जेठ १ गतेबाट निर्वाचन समितिले काम सुरु गर्ने । हलले गडगडाहट तालीले त्यसको अनुमोदन गऱ्यो । त्यहीबीचमा मैले हात उठाउँदै अध्यक्ष मण्डलका अध्यक्ष झालाई सोधें- धर्मेन्द्र दाई ! वैशाख महिनाभित्र सदस्यता विवाद टुंगो लागेन भने निर्वाचन समितिले काम अगाडि बढाउँछ कि बढाउन्न ? जेठ २६ गते निर्वाचन हुन्छ कि हुन्न ?

हो, बैशाख २१ गते मेरो जे शंका थियो, भैदियो त्यही । एक महिना व्यर्थै बित्यो, तर महासंघले निर्धारित मितिमा निर्वाचन गर्न सकेन । न त निर्वाचन गर्ने नयाँ मिति नै तय गर्न सकेको छ । महासंघका अध्यक्ष विपुल पोखरेलले असार दोस्रो साताभित्र निर्वाचन गर्ने भनी विज्ञप्ति जारी गरे पनि त्यो मितिमा पनि चुनाव हुन्छ या हुन्न, गराइन्छ या गराइन्न, अन्यौल छ । किनकि पत्रकार महासंघको नेतृत्वकर्ताहरु यति अक्षम छन् कि सायद इतिहासमै पहिलोपटक महासंघको गरिमामाथि यति धेरै प्रश्न कहिल्यै पनि उठेको थिएन । कुरा महासंघका अध्यक्षको मात्र होइन, साझा चरित्रको यो संस्थाका पदाधिकारीहरुले जात्रैजात्रा देखाइरहेका छन् । न दायित्वबोध छ, न त यसको गरिमाबोध ।नेपाल पत्रकार महासंघ देशभरका श्रमजीवी पत्रकारहरुको मात्र होइन, देशको अगुवा नागरिक संगठन पनि हो । लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियता, जनजीविकाका सवालमा यसले खेल्ने भूमिकाले खास अर्थ राख्छ । महासंघको गौरवमय इतिहास छ । राजनीतिक दलहरुप्रति वितृष्णा जगाइएको र मुलुकलाई भीडको पछाडि दौडाएर अराजकतातर्फ मोडिएको यो संघीन घडीमा देशलाई दिशानिर्देश गर्न महासंघको भूमिका निकै महत्वपूर्ण हुनुपर्ने हो । तर, महासंघ दलको भ्रातृसंगठन जस्तो बनाउन खोजिदैंछ । यसको विरासत र गरिमामाथि हिलो बर्साइएको छ ।

अत्याचारको पराकाष्ठा

नेपाल पत्रकार महासंघले शुद्धीकरण अभियान उद्घोष गरेपछि गत बर्ष सुर्खेतमा सम्पन्न साधारणसभाबाट शुद्धीकरण समिति बनाइएको थियो । यो बीचमा देशभरका शाखाहरुले शुद्धीकरणका नाममा अभियान पनि चलाए । तर, अवस्था यस्तो रह्यो कि आस्थाकै आधारमा छानीछानी सदस्यता खोसिने काम भएको छ । आफैले बनाएको १५ बुँदे मापदण्डलाई महासंघको जिल्ला, प्रदेश र केन्द्रले धुजाधुजा बनाएको छ । अन्याय र अत्याचारका विरुद्ध बोल्नुपर्ने पत्रकारहरु नै अहिले आफै अत्याचारको शिकार हुनुपरेको छ ।

मुलतः पत्रकार महासंघमा शुद्धीकरण जरुरी छ । तर, शुद्धीकरण अभियान यस्तो बेलामा सुरु भयो कि अहिले धेरैजसो सञ्चारमाध्यमहरु तलब दिन सक्ने अवस्थामा छैनन् । कोभिडबाट थलिएको अर्थतन्त्र उठ्न सकेको छैन । आर्थिक मन्दीकै कारण विज्ञापन बजार संकटपूर्ण अवस्थामा छ । ठूला भनिएका धेरैजसो मिडिया टिक्नका लागि संघर्ष गरिरहनुपरेको छ । साना लगानीबाट सञ्चालित सञ्चारमाध्यमको हालत पनि उस्तै छ । काठमाडौंमा ठूला भनिएका मिडियामा तालाबन्दी र धर्ना कस्नुपर्ने अबस्था भएका बेला झन् जिल्लामा सञ्चालित मिडिया र सञ्चारकर्मीहरुको हालत के होला ?

जिल्लामा यसै पनि पत्रकार भनेर निर्भिकतापूर्वक बाँच्न मुश्किल छ । पत्रकारितामात्रै गरेर गर्जो टार्ने अवस्था धेरैको छैन । यस्तो अबस्थामा पत्रकारहरु अन्य कुनै न कुनै बौद्धिक कामको सहारा लिएर पत्रकारितालाई निरन्तरता दिइरहेका छन् । इमानका साथ बाँच्नकै लागि कुनै न कुनै बौद्धिक क्षेत्रमा श्रम बेचिरहेका 'बाइलाइनवाला' पत्रकारहरु महासंघको शुद्धीकरणमा परेका छन् । पत्रकार भएर बाँच्ने वातावरण बनाउन महासंघ आफ्ना सदस्यहरुप्रति कुनै दायित्वबोध त गर्दैन नै, त्यही दिएको एउटा कार्ड पनि खोस्न उद्धत छ । आंशिक रुपमा अन्य काम गरी पत्रकारिता र परिवार टिकाउने अब पत्रकार नबन्ने तर पत्रकारिताको आडमा अनेक धन्दा सञ्चालन गरिरहेकाहरु चाँहि सदस्य बन्ने अबस्था छ । जीवनभर पत्रकारिता गरेर ऊर्जाशील उमेर यही क्षेत्रमा बिताइरहेकाहरुलाई महासंघले अपमान गरेको छ ।देशभरका श्रमजीवी पत्रकारहरुको नेतृत्वकर्ता संगठनको हुनुको नाताले प्रेस चौतारी नेपालले शुद्धीकरण अभियानलाई सुरुवातदेखि नै सहयोग गर्दै आएको थियो । सही अर्थमा शुद्धीकरण लागू गर्नुपर्छ भनेर संगठनका अध्यक्ष गणेश बस्नेतले पटकपटक पहलकदमी पनि लिनुभयो । संगठनभित्र र बाहिर पनि यसको बारेमा बहस र पैरवी गर्नुभयो । तर, शुद्धीकरण अभियान प्रेस चौतारीका सदस्यहरुका हकमा मात्रै लागू भयो । जिल्ला-जिल्लामा प्रेस चौतारीमा आस्था राखेकै कारण सदस्यता खोसिने काम भएको छ । जिल्लाले सर्वसम्मत निर्णय गरेको नाममा समेत प्रदेशले कैंची लगाउने काम गरेको छ । झापाको भिजन एफएफमा गुञ्जने, प्रेस काउन्सिलका सदस्य गणेश पोखरेल होस् या हरदिन सूर्योदय टिभीको पर्दामा देखिने लक्ष्मी उप्रेती पत्रकार महासंघको मापदण्डमा पत्रकार नबनेको अबस्था छ । स्थायी प्राध्यापकको नाम समेटिंदा आंशिक मात्र प्राध्यापनमा रहेकी झापाकै सावित्रा दाहालको नाम काटियो । सप्तरीको हरिनन्देश्वर महादेव मन्दिरका मुल पुजारी, मृतक र साझा प्रकाशनका हाकिमको नाम समावेश हुँदा दैनिकजसो बाइलाइन लेख्ने सप्तरीकै शिव आचार्यको नाम समावेश भएन । देशभरमै पहिलोपटक प्रेस चौतारीको भवन बनाएर स्याबासी कमाइरहेका अनलाइनखबरकर्मी चितवनका सुवास पण्डित हुन् या डडेल्धुराका अमरगढी एफएमदेखि काठमाडौंको सौर्य दैनिक र प्राइम टिभीमा समेत काम गरिरहेका लोकेन्द्र ओझाको महासंघको सदस्य नबच्ने अवस्था छ । गोरखापत्रको स्थापना दिवसमा उत्कृष्ट संवाददाताको नगद पुरस्कार प्राप्त गरेकी कैलालीकी चाँदनी आचार्यलाई पनि यो महासंघले पत्रकार देखेन । उस्तै प्रकृतिका अन्यको नाम समेटिँदा पर्वतका गणेश पौडेलहरु समेटिएनन् । रुपन्देहीमा कलेज र स्कूलका सञ्चालकहरु समेटिँदा त्यहीँ बौद्धिक श्रम गरेर पत्रकारिता गरिरहेका हरि ज्ञवाली र दिवाकर पन्थीको नाममा कैंची लगाइएको छ । आफू कार्यरत स्कूलको प्रिन्सिपलको सदस्यता नवीकरण हुँदा त्यहीँ कार्यरत स्याङ्जाका नारायण कोइरालाको सदस्यता खोसिएको छ । ४० बर्षदेखि पत्रकारिता बाहेक अन्य काम नगरेका प्रेस स्वतन्त्रता सेनानी तनहुँका विश्वबन्धु भण्डारी, पर्वतका भोला शर्मा, पाल्पाका राजेन्द्र लिगल, दोलखाका होम पाठक, सिन्धुलीका कृष्णप्रसाद गौतम, डडेल्धुराका करण ताम्राकार, बाँकेका विनोद भट्टराईदेखि पत्रकारितामै विद्यावारिधी गरेका इलामका देवी दुलालको नाम काटिएको अवस्था छ । काठमाडौंका मिडियाका मालिक समेटिँदा बानका वरिष्ठ उपाध्यक्ष समेत रहेका हेटौंडामा टेलिभिजन र रेडियो सञ्चालन गरेर पत्रकारकै रुपमा समाजमा चिनिएका उज्ज्वल चौंलागाईंको सदस्यता खोसिएको छ । राजनीतिक पार्टीको केन्द्रीय समितिमा रहेका अटाउने तर वडा कमिटीको पदाधिकारी भएका कारण नाम हट्नुपरेको अवस्था छ । काठमाडौंमा एनजिओ, आइएनजिओ, क्याम्पसमा पढाउनेहरुको नाम समावेश हुँदा जिल्लामा सोही प्रकृतिका काम गरिरहेकाहरुको सदस्यता खोसिएको छ । यस्ता कयौं दृष्टान्तहरु छन्, जसका कारण आज व्यावसायिक पत्रकारहरुमाथि घोर अन्याय भएको छ, अपमान भएको छ ।

अहिले महासंघको नेतृत्वमा प्रेस युनियनका पूर्वनेता समेत रहनुभएका र प्रेस युनियनबाटै जित्नुभएका विपुल पोखरेल हुनुहुन्छ । यो निर्वाचन गराउने दायित्व महासंघका अध्यक्ष विपुल पोखरेलको जति छ, महासंघको नेतृत्वकर्ता संगठनका हिसाबले प्रेस युनियनको पनि उत्तिकै छ । तर, प्रेस युनियन यो निर्वाचनबाट भाग्न खोजिरहेको छ । बरु, अन्यायमा पारिएको र प्रेस चौतारीको सदस्य भएकै कारण आफ्ना सदस्यहरुको महासंघको सदस्यता खोसिए पनि प्रेस चौतारी नेपाल गम्भीर भएर यो निर्वाचन गराउन लागिरहेको छ । यसका लागि सहयोगी भूमिका खेलिरहेको छ । निर्धारित समयमा चुनाव गराउनका लागि प्रेस चौतारीले पटकपटक पहलकदमी लियो । वास्तविक पत्रकारलाई समेट्ने गरी सदस्यता विवाद समाधानका लागि संगठनका अध्यक्षकै नेतृत्वमा पहलकदमी पनि लियो । तर, महासंघको गौरवमय इतिहासलाई धुमिल बनाउँदै २०१२ सालमै फर्काउने चेष्टा महासंघको वर्तमान नेतृत्वले गरिरहेको छ । जुन कदापि स्वीकार्य छैन । कार्यकाल सकिएको दुई महिना सकिँदा पनि यो या त्यो बहानामा निर्वाचन गराउन आलटाल गर्नु बेइमानी हो । महासंघका नेतृत्वकर्ताले तत्काल माफी माग्नुपर्छ । र, नयाँ मिति तोकेर निर्वाचन गराउनुपर्छ । महासंघको नेतृत्वमा को आउँछ, जान्छ, गौण हो । तर, पत्रकार महासंघ अविछिन्न रहन्छ । र, रहनुपर्छ । प्रेस चौतारी नेपालमा आबद्ध मात्र होइन, सम्पूर्ण क्रियाशिल, श्रमजीवी पत्रकारहरुलाई सदस्यताबाट वञ्चित गराउने छुट महासंघको वर्तमान नेतृत्वलाई छैन ।

गाडीको ...

आखिर किन तानातान हुनु परेको होला। जो अन्तिम हुँदै भने ऊ सुरु किन हुनु परेको होला। कति कतिखेर त, जोबाट सुरु गरेको हो उसैबाट अन्त्य गर्छु भन्ने। गुनासो गरौँ लाग्छ तर...

मे महिना मेमोरी बन्यो, जुन मुनकोजस्तै शीतल होस्। जुलाई, जहाँ रहे पनि फलाइरहोस् समयले सफलताको फूल। उसको जिन्दगीमा। यता त बरु कोभिडले घाँटी कोतरेर घाँटी र छातीले बेलाबेला बल्झिरहन्छ। उसका स्पर्शहरू त हराउँदै हराउँदै गए डुङ्गाको पाइला जसरी। डुङ्गा तैरिएको ठिक, सम्बन्ध गहिरिएको ठिक तर सम्बन्ध सम्बन्ध मे मेमोरी उता पनि बाँचेको होला या नाइँ, बाँचेको मेमोरीले घोचेको होला या नाइँ। सम्बन्धमा आफ्नो गल्ती कहाँनिर भयो होला उभ्या पाउन सकेको छैन। सम्बन्ध एउटाको गल्तीले सकिने चिज हैन रहिछ। गल्तीको प्रकृति र गल्तीमाथिको दृष्टिकोणले भर पर्ने रहेछ।

एक दिन कसैले भनेको थियो, 'फेरि जिरोबाट सुरु गर्न मन छ।' तर मिल्दो हो त? प्रारब्धको खेल कस्तो होला अनजान मान्छे अनजान नै बन्नु थियो भने बिचका यतिका बिघ्न बाधा, भनावैरी, तँछाडमछाड, आरोप प्रत्यारोप?

शरीरमा चिह्न हुनु र त्यही चिह्नलाई लेख्नु ठिक हैन भनेर लेखेको छैन। जसले लेख्यो उसले तिमीलाई सर्वाङ्ग देखेको छ। तर जसले तिमीलाई हेर्ने छ उसले यो डायरी पढ्न पाउने छैन। कस्तो रचयिता सम्बन्धको तर...)

रस मानेर सुनेको कथा वाक्य पूरा नहुँदै नू'को आवाज हरायो। उनले डायरीको देब्रे पाना फेरि फेरि नियालिन्। आधा पाना लेखिएको डायरी मतर्फ देखाइन्। हताशजस्तो गरी बाँकी पाना पनि पल्टाइन्। यसअघि यस्तो कहिल्यै गर्दिन थिइन्। जहाँ रोकियो त्यहाँ आफ्नो फोटो चिह्नको रूपमा राखेर डायरी बन्द गरेर राख्थिन्। यसपालि मुहारको मुद्रामा पानाहरू पल्टाइरहिन्। डायरीको ७५% लेखिएको र बाँकी २५% खाली पाना रहेछ। यो कुरा पनि पहिलोपल्ट थाहा थियो।

आत्तिँदै उनले डायरी देखाइरहिन्। मानौँ डायरीको कथासँग उसको भव्य प्रेम भएको छ। डायरी लिएर म बसेको सोफामा आइन्। बाँकी केही नलेखिएको पृष्ठहरूलाई 'केही लेखेको छैन' भन्ने भावमा सरर्र पल्टाइरहिन्।

साँच्चै, यो डायरीवाला को हो? कसको कथा लेखिरहेको छ। आफ्नै कि अरू कसैको? 'म फर्किएँ बाबा' भन्दै डायरीको पात्रले प्रेम गरेको पात्र फर्कियो होला कि नाइँ? जीवनको घुमाउरो गोरेटोमा नचाहँदा नचाहँदै भेटिए होलान् कि नाइँ? डायरीको म पात्रको जीवन कता मोडियो होला कि उसैलाई पर्खिएर बित्यो होला।

अनेकन् रहस्यमय प्रश्नहरूसँगै डायरीको लिखित पृष्ठ सकियो। यस्तो लाग्छ हाम्रो जीवनबाट 'पृष्ठ नम्बर' पात्र सदाका लागि हरायो। हो डायरीका पृष्ठमा अब कथा छैनन्। यो डायरी नू र म बागलुङ जाँदा गाडीको सिटमुनि फेला परेको निलो डायरी हो। डायरी देखेकै नू'ले हो। उनैले टिपेकी हुन्। उनैले साथमा राखेकी हुन्। जतनले दराजमा राख्ने र बेलाबखत पढेर उनैले सुनाउने हुन्। डायरी लिएर अस्वाभाविक आएकी उनी मेरो काखमा अस्वाभाविक तरिकाले बसिन्। एकोहोरो हेरिन्। डायरीलाई ह्वात्त म पछाडि फ्याँकिन्। सोफापछाडि खस्यो। मेरो दुवै साँप्रोमाथि बसिन्। एक्कासि निधार चुमिन् मेरो। काखीमुनि हात राखेर बेस्सरी कसिन्। के भयो उनलाई खै, लामो समय चुम्बन गरिन्।

आमाले डायरीकै कथा 'नू'को आवाजमा सुन्दै चकटी बुनिरहेकी थिइन्। म कथा सुन्न टिभी अफ गरेर रिमोट हातमै लिएर बसेको थिएँ। उनको यो अस्वाभाविक हरकतले कान्छी जुरुक्क उठेर बाहिर फतफताउँदै गई। भन्छे, 'घरमा को को छन् ख्याल पनि छैन।'

'सम्बन्ध सम्बन्धजस्तै रहन एक अर्काप्रति सम्मान त हुनै पर्छो।' सगरमाथाले के कुरासँग के जोडेकी हो, यत्ति बोलेर चुप बसी।

'हाम्रो स्वभाव कस्तो छ त्यस्तैको सङ्गत गरिन्छ; त्यस्तै स्वभाव भएकाहरू सङ्गतमा आइपुग्छन् तर कहिलेकाहीँ दुवै समान देखिनेजस्तो भए पनि चुम्बकले समान ध्रुवलाई आफूतिर तान्दैन।' ताराबाजी लैलैले पनि के बुझेर सासै नफेरी यत्ति भनेर आमाको नजिकतिर गई। यतिन्जेल के के भयो आमालाई केही थाहा छैन।

चुम्बनबाट नू हट्दै हटिनन्। अस्वाभाविक ममाथिको बसाइँले भाइले पनि 'भाउजूलाई एक्कासि के भयो? छोरी नै आठ वर्षकी भइसकिन् है भाउजू' भन्दै किचनतिर गए।

लेखक को हो? पात्र को हो? कथाले तानिरहेको हो। लगभगै यो अपूरो डायरी पूरा पढ्न चार वर्ष लाग्यो। छोरी आठ वर्षकी भइन्, बिहे गरेकै आठ वर्ष भयो। डायरीको पृष्ठ पनि सकिनु, नू यस्तो अस्वाभाविक हरकतले त कस्तो नजानिँदो कताकति शङ्का पनि गरिने पुरुष मन न हो।

१४ वर्षको प्रेम, पछिल्लो समय दुवै जना परदेशमा थियौँ। म घर फर्किने र उनी त्यतैबाट फिनल्यान्ड जानु परेकाले हामीले बिहे अगाडि नै बेबी प्लान गरेका हौँ। तर एक वर्षमै उनी फिनल्यान्डबाट फर्किएपछि हामीले बिहे गरेका थियौँ छोरीलाई काखमा राखेर।

जेठ २२ गतेको दिन हो। आआफ्नै व्यस्तताका बाबजुद पनि भाइ, ताराबाजी लै लै, सगरमाथा, मेसेन्जर युजर र कान्छी घर आएका थिए। निकै सालपछिको एक जम्बो भेट थियो। भेटको कारण नू'सँग सुहागरात भनौँ या हनिमुन मनाउन रारा ताल जाने सपना थियो। यो उनैले देखेको सपना थियो। मैले उनको सपनामा सपना थपेको थिएँ। साउनमा जनैपूर्णिमा मेलाका लागि बाजुराको बडिमालिका मन्दिर जाने। उनीसँगको पहिलो पश्चिम यात्रा गर्ने। बडिमालिकाबाट फर्किंदै रारा ताल घुम्ने।

उनी र म मात्रै किन? हामी सबै जाऔँ। के कसरी जाने सल्लाहका लागि जम्मा भएका थियौँ। नरमाइलो कुरा जेठ २२ गते पृष्ठ नम्बर एक पात्र जीवनबाट सदाका लागि अस्तायो।

चुम्बनमा झुन्डिएकी नू'ले त आँखाभरि आँसु गरेकी रहिछन्। उनी बल्लबल्ल छुटेपछि आँसु पुछिदिएँ। उनको निधारमा चुमिदिएँ। आमा चिच्याउनु भयो, 'कहीँ नभाको तिमीहरू मात्रै नबन है, घरमा को को छन् ख्याल पनि गर।'

उनलाई उचालेँ। उनी सानो बच्चाझैँ घाँटीमा झुन्डिइन्। कोठामा लगेर खाटमा राखेँ। फर्किएर डायरी सम्हालेँ। उनको दराजमा राख्दै गर्दा एक पटक हेरेँ। निलो डायरी, निलो

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

बिर्ता सेफ्टी तथा ढल सफाइ
SERVICES

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष	रोकिएका कामहरू पुन: सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
वृष	आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
मिथुन	सुखदु:ख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
कर्कट	जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
सिंह	सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
कन्या	मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
तुला	कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
वृश्चिक	आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
धनु	आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
मकर	नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
कुम्भ	ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
मिन	आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ